# नेपाल कम्युनिस्ट पार्टी

(एकीकृत मार्क्सवादी–लेनिनवादी)

## केन्द्रीय कार्यालय

धुम्बाराही, काठमाडौं

पत्र संख्या .......

२८ कार्तिक २०७२

## प्रेस वक्तव्य

आज विहान (२०७२ कार्तिक २८ शनिबार) पर्साको वीरगञ्ज स्थित नेकपा (एमाले)को पार्टी कार्यालयमा संयुक्त लोकतान्त्रिक मधेसी मोर्चाका मानिसहरुले गरेको तोडफोड र आगजानीको घटनाप्रति हाम्रो गम्भिर ध्यानाकर्षण भएको छ । पार्टी कार्यालय तोडफोड र आगजानी जस्तो लोकतन्त्र बिरोधी र गैर राजनीतिक हर्कतको निन्दा र भर्त्सना गर्दछौं । आन्दोलनको आवरणमा पार्टी कार्यालय माथि आक्रमण गर्नु अपराधिक हर्कत बाहेक अरु केही हुनैं सक्दैन । यस्ता अपराधिक गतिविधिमा संग्लनहरुलाई तत्काल पक्राउ गरी कडा कारबाही गर्न हामी सरकारको ध्यानकर्षण गराउदछौं ।

साथै शान्तिपूर्ण तरिकाले आफ्ना मागहरु राख्ने बाटो हुँदा-हुदै यस्ता गैरराजनीतिक र अपराधिक गतिबिधि नगर्न हामी सम्बन्धित पक्षको ध्यानकर्षण गराउँदछौं ।

योगेश भट्टराई
प्रमुख
केन्द्रीय प्रचार विभाग